आज मिति २०७५/२/२५ गते विहान ९:०० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त व.प्रजा

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले

सदस्य : श्री गौरीमायां स्याङ्गतान

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां वि.क.

सदस्य सचिव : श्री सुकदेव लम्साल

माईन्युट सहयोगी :

लेखापाल देवेन्द्र व.प्रधान

CamScanner

प्रस्तावहरु

१. रिभाईज लागत अनुमान स्वीकृत गर्ने सम्वन्धमा ।
२. सार्वजनिक शौचालयको लागि रकम मांग सम्वन्धमा ।
३. छात्रवृत्ति रकम वितरण सम्वन्धमा ।
४. टोलभेला तथा वडा स्तरिय योजना छनौट तथा सन्चालन मार्गदर्शन २०७४ स्वीकृत गर्ने सम्वन्धमा ।
५. कार्यालय सहयोगी पदको नतिजा हाललाई कार्यान्वयन नगर्ने सम्वन्धमा ।
६. IEE गर्ने सम्वन्धमा ।
७. आगामी आ.व.२०७५/७६ को लागि योजना तर्जुमा आरम्भ गर्ने सम्वन्धमा ।

निर्णय नं.१ : तपसिलको योजनाहरुको रिभाईज लागत अनुमान स्वीकृतीको लागि उपभोक्ता समितिहरुबाट अनुरोध भै आएकोले सो योजनाहरुको रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

क.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को पर्यटन सस्कृति कार्यक्रम तर्फ गोठेरी जागृती मण्डली भवन को पिलर सहित निर्माण योजना, राक्सिराङ्ग ३ को लागि रु.५,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट १२"× १२" पिलर सहितको भवन निर्माण गर्ने गरी रु.६,३५,९७९/९२ को लागत अनुमान तयार भै संझौता भएकोमा उपभोक्ता समितिबाट ९"× ९" को पिलर हुने गरी रिभाईज लागत अनुमान गरी पाउन अनुरोध भै आएकोमा प्राविधिक शाखाबाट रु.५,६८,३२९/१० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ख.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को सिंचाई कार्यक्रम तर्फ लोजा पेल्ट्रिक सेट मर्मत योजना, राक्सिराङ्ग ९ को लागि रु.६,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.६,९४,६२७/९५ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा सिमेन्ट बोराको आईटम लेखिन गएको कारण सो लागत अनुमानलाई रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.६,६३,०४०/९१ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ग.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा कार्यक्रम धुरु रिछांया माईक्रोहाईड्रोपावर योजना, राक्सिराङ्ग ९ को लागि रु.७,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.८,१०,९४८/३७ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा जालीको दर वढी र वालको सेक्सन बढी भएको कारण सो लागत अनुमानलाई रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.७,७९,२८१/०४ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

घ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को खानेपानी योजना कार्यक्रम तर्फ शिखरडांडा परेवाटार खानेपानी निर्माण योजना, राक्सिराङ्ग ८ को लागि रु.३,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.३,५३,७७७/५० को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा सिमेन्ट बोराको आईटम लेखिन गएको कारण सो लागत अनुमानलाई रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.३,५३,७७७/५० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ङ..) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को खानेपानी योजना कार्यक्रम तर्फ अठारे डन्टार खानेपानी निर्माण योजना,राक्सिराङ्ग ९ को लागि रु.१२,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.१३,८०,६९३/०२ को लागत अनुमान तयार भै संझौता भएकोमा ४० MM GI पाईप र ५० MM HDPE पाईप आवश्यक भएकोमा लागत अनुमान तयार गर्दा २० MM GI पाईप र २० MM HDPE पाईप राखी तयार

भएको कारण सो लागत अनुमानलाई रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.१३,२४,९१५/६४ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

च.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को खानेपानी कार्यक्रम तर्फ धुसावगर खानेपानी योजना, राक्सिराङ्ग ८ को लागि रु.३,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.३,४८,८६०/१६ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमानको जोड घटाउ अंकमा फरक परेको कारण सो लागत अनुमान रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.३,४८,८६०/१६ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

छ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा कार्यक्रम तर्फ गोराङ्गदी खोला माईक्रोहाईड्रो पावर निर्माण योजना, राक्सिराङ्ग ४ को लागि रु.५,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.५,८८,४६२/२० को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा सामान ढुवानी र जोड घटाउ अंकमा फरक परेको कारण सो लागत अनुमान रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.५,६३,४६२/२० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ज.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा कार्यक्रम तर्फ फलामे पोल खरिद एवं जडान गर्ने योजना, राक्सिराङ्ग ५ को लागि रु.४,५०,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.५,३९,०००/ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा विधुत पोल बढी र तार कम भएकोमा हाल पोल अन्तबाट उपलब्ध भएको र तार र पिन ईन्सुलेटर उपलब्ध नभएको हुदा सो लागत अनुमान रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.५,३९००० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

झ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को खानेपानी योजना कार्यक्रम तर्फ खानेपानी निर्माण योजना, राक्सिराङ्ग ८ को लागि रु.५,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.६,७८,४७१/६२ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा जोड घटाउ अंकमा फरक परेको कारण सो लागत अनुमान रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.५,७०,४२२/२० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ञ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को स्वास्थ्य सम्बन्धी कार्यक्रम तर्फ खोपकेन्द्र भवन निर्माण योजना, राक्सिराङ्ग ९ को लागि रु.३,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.३,५१,६६२/७८ को लागत अनुमान तयार भै संझौता भएकोमा लागत अनुमान तयार गर्दा आल्मुनियमको झ्याल ढोका भएको तर काम गर्दा आल्मुनियम उपलब्ध गर्न नसकी काठको झ्याल ढोका प्रयोग भएको हुदां सो लागत अनुमान रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.३,३७,२४६/८० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.२ : यस राक्सिराङ्ग गाउपालिका वडा नं.५ चैनपुरमा बिभिन्न कामको सिलसिलामा आउने मानिसहरुलाई सार्वजिनक शौचालय नभै समस्या भएकोले सो स्थानमा शौचालय निर्माण गर्न अति आवश्यक भै बजेट व्यवस्थाको लागि ५ नं.वडा कार्यालय, राक्सिराङ्ग चैनपुरको च.नं.२८१ मिति २०७५/२/७ को पत्रबाट अनुरोध भै आएकोमा सोको लागि प्राविधिक शाखाबाट रु.१,८०,६८३/२५ को लागत अनुमान पेश भएकोले सो शौचालय निर्माण गर्न चालु आ.व.२०७४/७५ को भैपरी योजनाहरु संचालन शिर्षकबाट रु.१,५०,०००/ बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३ : यस राक्सिराङ्ग गाउपालिकाको चालु आ.व.२०७४/७५ को आदिवासी जनजाती लक्षित कार्यक्रमको उच्च शिक्षा छात्रबृत्ति बितरण (MBBS र JTA समेत) को लागि रु.७०,०००/ विनियोजन भएकोमा तपसिलको बिधार्थीहरुबाट उच्च शिक्षाको लागि छात्रबृत्ति मांग भै आएकोमा श्रीमान अध्यक्ष ज्यू बाट छात्रबृत्ति उपलब्ध गराउने तोक आदेश भएकोले निजहरुलाई छात्रबृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | बिधार्थीको नाम, ठेगाना | छात्रबृत्ति बिवरण | छात्रबृत्ति रकम |
|---|---|---|---|
| १. | प्रबिण कुमार स्याङ्तान, राक्सिराङ्ग ९ खैराङ्ग | MBBS अध्ययन गर्न | रु.४०,०००/ |
| २. | प्रवेश रुम्बा, राक्सिराङ्ग ९ खैराङ्ग लोजा | Electronics and Communication Engineering | रु.३०,०००/ |

निर्णय नं.४ : यस राक्सिराङ्ग गाउपालिकामा निम्नानूसार पेश भएको टोलभेला तथा वडा स्तरीय योजना छनौट तथा सन्चालन मार्गदर्शन २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५ : यस राक्सिराङ्ग गाउपालिकाबाट बिभिन्न वडा कार्यालयहरुको लागि कार्यालय सहयोगी पदको पदपुर्तिको लागि गठित समितिले गरेको सम्पुर्ण कार्य रद्ध गर्ने निर्णय गरियो साथै उक्त समितिको निर्णयलाई कार्यान्वयन नगर्न नगराउन गाउ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

निर्णय नं.६ : यस राक्सिराङ्ग गाउपालिका अन्तर्गतको मनहरी खोला, चूर्लिङ. खोला, गोराङ.ती खोला, जिर्खे खोला लोथर खोला, पाङ.थली खोला, रेउती खोला, सांखर खोलाको ढुंगा गिटी बालुवा लगायतका नदीजन्य पदार्थहरुको बिक्री बितरण गर्न IEE गराई प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

र्णय नं.७ : यस राक्सिराङ्ग गाउपालिकाको आगामी आ.व.२०७५/७६ को लागि योजना तर्जुमा लगायतका सम्पुर्ण कार्य आजैका मिति देखि आरम्भ गरी पेश हुन आएको ढांचा स्वीकृत गर्ने निर्णय गरियो ।

र्णय नं.८ : यस राक्सिराङ्ग गाउपालिकामा गत जेठ १४ गते गएको हावाहूरीले यस गाउपालिकाका घर , गोठ, विजूलीका पोल, विधालयका भवनहरुमा क्षति पूर्याएकोमा गाउपालिकाबाट हूनसक्ने राहत गाउपालिकाबाट उपलब्ध गराउने र गाउपालिकाबाट हून नसकेको खण्डमा जिल्ला प्रशासन कार्यालय मकवानपूरमा पठाउने निर्णय गरियो ।

य नं.९ : आदिवासी जनजाति कार्यक्रम चेपाङ. विकास कार्यक्रम अन्तर्गत छात्रवृत्ति तथा शैक्षिक सूधारको १७०,०००। चेपाङ. समूदायको डकूमेन्ट्री तयारीको १००,०००। र अति विपन्न विधालयलाई पोशाक शिर्षकको १००,०००। गरी जम्मा रकम रु. ३,७०,०००। चेपाङ. छात्र छात्रा पोशाकमा खर्च गर्ने निर्णय गरियो ।

। नं.१० : यस गाउपालिका आउने जान बाटोको रुपमा मनहरी खोला हूदै जाने आउने गरिएकोमा हाल वर्षाको पानीले खोला बढी आवत जावत गर्न समस्या परेको हूनाले यस गाउपालिकाको वडा नं. ३ मा रहेको देउकोट सिमपानी सरीखेत सडक एवं मनहरी आपखोल्सी सडक मर्मत गरी

CamScanner

सवारी आवागमनलाई सूचारु गर्नूपर्ने भएकाले प्राविधिकबाट लागत ईष्टिमेट गरी ल.ई बमोजिम गाउपालिकामा बाकी रहेको रकमबाट कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.११ : यस गाउपालिकाले चालू बर्षमा खनेका विभिन्न सडकहरुमा एव खूला चउर र नाङ.गा डाडाहरुमा मागको आधारमा विरुवा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ : यस मकवानपुर जिल्लाको कैलाश राक्सिराङ्ग गाउँपालिका हुदे धादिङ्ग जिल्लाको बेल्खु रोराङ्ग गाउँपालिका र चितवन जिल्लाको राप्ती नगरपालिका हुदै भण्डारा जोडने गरी विगतबर्क्षदेखी क्षेत्रीय सडकको रुपमा साविक १४ गाविसको विपन्न चेपाङ्ग समुदायको जिवनस्तर उकास्ने हेतुले पर्यटन मार्गको रुपमा राष्टिय योजना आयोगबाट क्रमागत रुपमा उपरोक्त सडक निर्माण भइरहेकोमा हाल संघीय संरचनाको रुपमा सडकको बर्गीकरण भएको हुँदा उपोक्त सडक ३ जिल्ला जोड्ने र पर्यटन मार्गको रुपमा विकास गर्न संघीय सरकारमा अनुरोध गरी बजेट विनियोजन गराइ निर्माण कार्यलाई निरन्तरता दिइ सडक निर्माण गराईदिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ : यस गाउँपालिकाका नागरिकहरुलाई गाउँपालिकाको सुचनाहरु सहज रुपमा पुर्याउनका लागि मोबाईल्स एप खरीद गर्ने प्रकृया शुरु गर्ने र प्रकृया बमोजिम सबैभन्दा न्यून प्रस्ताब पेश गर्ने कम्पनीसँग खरीद सम्झौता गर्ने निर्णय गरियो ।

आजको बैठक बिहान ९:०० बजेबाट शुरु भै दिनको १:०० बजे समापन गरियो ।

CamScanner

## राक्सिराङ. गाउँपालिका
## टोलभेला तथा वडास्तरीय योजना तर्जुमा मार्गदर्शन २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं प्रशासकीय कार्यविधि ( नियमित र व्यवस्थित ) गर्ने ऐन २०७४ को दफा ४ बमोजिम गाउँ व्यवस्था बमोजिम यस गाउँपालिकाको मिति २०७५।०२।२५ गते बसेको १४औं कार्यपालिका बैठकले यो मार्गदर्शन स्वीकृत गरी लागु गरेको छ ।

### भाग- १

### संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम टोलभेला तथा वडास्तरीय योजना सञ्चालन मार्गदर्शन २०७५ रहेको छ ।

२. यो मार्गदर्शन गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखी लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकासम्झनु पर्छ ।

(ग) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) "वडाध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाअध्यक्ष समेतलाई जनाउँछ ।

(झ) "सभा" भन्नाले गाउँसभालाई सम्झनुपर्छ ।



CamScanner

(ञ) "कार्यविभाजन नियमावली" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४ सम्झनुपर्छ ।

(ट)"वडा सदस्य" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको वडाको वडासमितिको सदस्य सम्झनु पर्छ ।

(ठ)"वडा सचिव" भन्नाले वडासमितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ ।

## भाग- २

### टोल भेला सञ्चालन गर्ने विधि

३। प्रत्येक वडाका ५ जना जनप्रतिनिधिले आफुलाई तोकीएको ठाँउको नेतृत्व लिइ सम्वन्धित टोलको अध्यक्षको अध्यक्षतामा कार्यक्रम सञ्चालन गराउने, सो भन्दा माथिल्लो पदको पदाधिकारी उपस्थित भएमा अतिथिको रुपमा आसन ग्रहण गराउने

४॥ राजनैतिक दल, नागरिक समाजका व्यक्तित्वहरुलाई मञ्चमा आसन ग्रहण गराउने,

५। सम्बन्धित टोलमा कार्यरत सरकारी कार्यालयहरु, विद्यालयका प्रधानाध्यापक, महिला,भिन्न क्षमता भएका, दलित, जनजाति, गैसस., स्वयंसेवी संस्थाहरुका प्रमुख, आदि क्षेत्रहरुबाट प्रतिनिधित्व सुनिश्चित गराउने,

६। संस्थागत प्रतिनिधित्व गरी आउनेहरुलाई आ-आफ्नो संस्थाहरुको बैठकको निर्णयको प्रतिलिपिसहित आउन अनुरोध गर्ने, जसमा मागहरुको /योजनाहरुको प्राथमिकीकरण पनि हुनुपर्नेछ,

७। टोलको माईनेटमा उपस्थिति उठाउने र कार्यक्रम सञ्चालन गर्ने ,

८। फाराम अनुसार

a. **वडामा माग गर्ने आयोजनाहरु,** गाउँपालिकामा अनुरोध गर्ने प्रकृतिका योजनाहरु । संघ तथा प्रदेशमा अनुरोध गर्ने प्रकृतिका योजनाहरु, प्रष्टसँग बुझिने गरी माग गर्ने ।

b. जिल्लास्थित कार्यालयहरुमा माग गर्ने योजनाहरु ।

c. राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस./दातृनिकायमा अनुरोध गर्ने प्रकृतिका योजनाहरु,

d. पूर्वाधारतर्फका योजनाको रकम गाउँपालिका र संघ प्रदेशमा कम्तिमा रु.१० लाख र वडास्तरमा कम्तिमा रु ५लाख भन्दा माथिको हुनुपर्ने ।

e. . प्रवर्द्धनतर्फका योजनाहरु कम्तिमा माथिल्लोस्तरमा रु.३ लाख र वडास्तरमा रु १ लाख भन्दा माथिको हुनुपर्ने । टुकेखुद्रे योजनालाई प्राथमिकता नदिने ।



CamScanner

f. गत विगतमा जस्तो लक्षित बर्ग, आर्थिक सामाजिक भौतिक पूर्वाधार, प्रवर्द्धनात्मक कार्यक्रममा निश्चित प्रतिशत छुट्याउनु नपर्ने आवश्यक भए बढी पनि माग गर्न सकिने । आवश्यक नभए छुट्याउनु नपर्ने,

९। संस्थाहरुलाई क्रमशः आ-आफ्ना योजनाहरुको प्रस्तुती गर्न लगाई फारममा विषयक्षेत्र छुट्याई टिपोट गर्ने,

१०। निर्णित व्यहोरालाई पुस्तिकामा अभिलेखीकरण गर्ने र वडा कार्यालयमा सुरक्षितसाथ उपलब्ध गराउने,

११ उल्लिखित प्रक्रिया सम्पन्न भएपछि उपस्थित/इच्छुक महानुभावहरुबाट निम्न फ्रेममा संक्षिप्त प्रतिक्रिया सङ्कलन

१२। अनौपैपचारिक ढङ्गले क्रमशः भन्न लगाई सुझावहरु नदोहोरिने र नछुट्ने हिसावले गर्ने, जसमा

a. अवलम्बन गरिएको योजना तर्जुमा प्रक्रियाका बारेमा,

b. आगामी दिनमा अपनाउनुपर्ने योजना तर्जुमा प्रक्रिया बारेमा सुझाव,

c. गाउँपालिकास्तरमा योजना तर्जुमाका लागि केही सुझाव,

d. अन्य केही भए ?

१३। सुझावहरुको सङ्कलन पछि अध्यक्षता गर्ने व्यक्तिबाट धन्यवादसहित वस्तीस्तरीय योजना तर्जुमा गोष्ठीको समापन गर्ने ।

१४। बस्तीभेला सन्चालनका क्रममा कुनै कठिनाई आइपरेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

## भाग- ३

## वडा कार्यालयलाई जाने न्यूनतम अनुदान र कार्यसम्पादन अनुदानको आधारहरु

१५. प्रत्येक वडालाई न्यूनतम अनुदान र कार्यसम्पादनमा आधारित अनुदानका आधारमा बजेट उपलब्ध गराईनेछ । उक्त बजेटलाई आधार मानी वडा कार्यालयबाट योजना छुट्याउनु पर्नेछ । तर त्यसरी छुट्टयाईएका योजनाहरुको कार्यान्वयन गाउँ कार्यपालिका कार्यालयबाटै हुनेछ ।

१६. वडास्तरीय अनुदान सूचक अनुसूची १ बमोजिम हुनेछ । प्रति सूचक पूरा गरेवापत प्रदान गरिने प्रति १ अंक बराबर १ लाखका दरले वडास्तरीय योजनाका लागि अनुदान उपलब्ध गराईनेछ

## भाग- ४ विविध

१७. यो अनुसूची १ बमोजिमको सूचक मूल्यांकन गर्न देहाय बमोजिमको एक समिति रहेनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| शाखा प्रमुख, प्रशासन शाखा | सदस्य |
| शाखा प्रमुख, राजश्व शाखा | सदस्य |

१८. यो मार्गदर्शन गाउँ कार्यपालिकाको निर्णयानुसार समय समयमा संशोधन गर्न सकिनेछ ।



CamScanner

## अनुसूची १

( मार्गदर्शनको नियम १६ सँग सम्वन्धित )

# वडास्तरीय अनुदान सूचकहरु

| क्षेत्रफल | वर्ग किमि | | ५ अंक |
|---|---|---|---|
| | ८ सम्मलाई १, १६ सम्मलाई २ , २४ सम्मलाई ३, ३२ सम्मलाई ४, ३२ भन्दा माथीलाई ५ | | |
| | | | |
| जनसंख्याको स्थिति | जना | | ५ अंक |
| | ७००सम्मलाई १, १४०० सम्मलाई २ , २१०० सम्मलाई ३, २८०० सम्मलाई ४, २८०० भन्दा माथीलाई ५ | | |
| | | | |
| विकासको अवस्था | | | ३ अंक |
| | दुर्गम ३, मध्यम २, सुगम १ | | |
| | | | |
| राजश्व संकलन गर्ने क्षमता | | | ५ अंक |
| उठाएको राजश्वको अवस्था | सबैभन्दा बढी राजश्व संकलन गर्ने वडा | ३ | |
| | संकलित राजश्वको ९ भागको एक भाग उठाउने वडा | २ | |
| | १ भाग वा सो भन्दा थोरै राजश्व सकलन गर्ने वडा | १ | |
| उठेको राजश्व समयमा बुझाउने | मासिक रुपमा राजश्व बुझाउने वडा | १ | |
| | मासिक रुपमा राजश्व नबुझाउने वडा | ० | |
| लिनुपर्ने राजश्व लिने नलिने प्रबृत्ति | लिनुपर्ने राजश्व लिई सिफारिश गर्ने वडा | १ | |
| | कहिले लिने कहिले नलिने वडा | ० | |
| | | | |
| सुशासनको अवस्था | | | ७ अंक |
| कार्यालय सञ्चालनको अवस्था १ | आफ्नै भवनबाट मात्र कार्यालय सञ्चालन गर्ने वडा | १ | |
| | कार्यायल नभएपनि आफ्नै कार्यक्षेत्रभित्र तोकीएको स्थानबाट सेवा दिने वडा | १ | |
| | कार्यालय भएपनि आफ्नो अनुकूल हुनेगरी कहिले कार्यालयबाट कहिले झोलाबाट कार्यालय सञ्चालन गर्ने वडा | ० | |
| भवनको अवस्था १ | निर्माण मर्मतका लागि दिएको रकमले निर्माण/मर्मत सम्पन्न गर्ने वडा | १ | |



CamScanner

| | | | |
|---|---|---|---|
| | निर्माण मर्मतका लागि दिएको रकमले निर्माण/मर्मत चालु रहेको वडा | .५ | |
| | निर्माण मर्मतका लागि रकम पाएर पनि शुरु नै नगर्ने वडा | ० | |
| पेश्कीको अवस्था १ | गाउँपालिकाबाट लिएको पेश्की ३५ दिनभित्र फछ्र्यौट गर्ने वडा | १ | |
| | ३५ दिनपछि फछ्र्यौट गर्ने वडा | .५ | |
| | हालसम्म पनि फछ्र्यौट नगर्ने वडा | ० | |
| तोकिएको जिम्मेबारी पुरा गर्ने अवस्था १ | सबैभन्दा पहिले उभोस गठन गर्ने वडा | .५ | |
| | सबैभन्दा पहिले टोल विकास संस्था गठन गर्ने वडा | .५ | |
| बैठक व्यवस्थापन .५ | वडा समितिको बैठक बस्ने मिति तय गरेको वडा | .५ | |
| जिम्मेवारी हस्तान्तरण .५ | ३ दिनभन्दा बढी कार्यक्षेत्र छाडी जाँदा कार्यवाहक दिने गरेको वडा | .५ | |
| विदाको स्वीकृति १ | ३ दिनभन्दा बढी कार्यक्षेत्र छाडी जाँदा अध्यक्षसँग स्वीकृति लिने वडा | .५ | |
| | कर्मचारीहरुले कार्यालय छाडी जाँदा प्रमुख प्रशासकीय अधिकृतसँग स्वीकृति लिने वडा | .५ | |
| उत्कृष्ट कार्य शुरु गरेको १ | जस्तैः बालमैत्री, बातावरणमैत्री , जुवातास मुक्त, अन्य | १ | |
| | कार्यसम्पादनमा आधारित अनुदानको कूल अंक | | २५ अंक |
| न्यूनतम अनुदान | सबैवडालाई बराबरी हुने गरी | | ३० अंक |